**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ जून २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले विश्व अनिश्चितता र अस्थिरताबाट चलीरहेको बेलापनि भारत आत्मविश्वास र दृढ संकल्पका साथ विकासको मार्गमा अघि बदीरहेको बताउनु भएको छ।

२. राज्यका ग्रामीण, पंचायती तथा पशुपालन विभागका मंत्री दिलीप घोष र वित्त मन्त्री स्वप्न दासगुप्ता उत्तर बंगालको भ्रमणको क्रममा आज सिलगढी आई पुग्नु भएकोछ।

३. पश्चिम बंगालमा तृणमूल कांग्रेसभित्रको मतभेद खुलेर बाहिर आउन थालेको छ भने राज्यसभा सदस्यहरुको दैनिक रुपमा राजीनामा दिने क्रम जारी रहेको छ।

४. कालेबुङमा ठूलो परिमाणमा लागु पदार्थ सहित एक युवकलाई पक्राउ गरिएको छ।

५. विश्वको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता, फिफा विश्व कप 2026 आजबाट शुरु हुँदैछ।

**प्रधानमंत्री - नीति आयोग**

प्रधान मन्त्री नरेन्द्र मोदीले विश्व अनिश्चितता र अस्थिरताको समयबाट गुज्रिरहेको बेलापनि भारत आत्मविश्वास र दृढ संकल्पका साथ विकासको मार्गमा अघि बदीरहेको बताउनु भएको छ। नयाँ दिल्लीको राष्ट्रपति भवनमा नीति आयोगको ११औँ गभर्निङ काउन्सिलको बैठकको अध्यक्षता गर्दै श्री मोदीले भन्नुभयो, भारत विकसित भारतको लक्ष्यतर्फ अघि बढिरहेको छ, केन्द्र र राज्य सरकारहरूको सामूहिक जिम्मेवारी अझ बढ्छ। श्री मोदीले भन्नुभयो राज्यहरूबीच सहयोग, संवाद र विचारहरूको आदान-प्रदान हुनुपर्दछ। यस सहकार्यमा नीति आयोगले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उहाले बताउनु भयो। ताकि सबै राज्यहरू र केन्द्र शासित प्रदेशहरूबीच विचारहरूको उचित आदान-प्रदान होस् र विकसित भारतको लक्ष्यको लागि सामूहिक प्रयास होस्।

**केंद्र सरकार - चेतावनी**

सरकारले साइबर अपराधीबाट सुरक्षा प्रणाली र वित्तीय पूर्वाधारमा बढ्दो खतराबारे चेतावनी जारी गरेको छ। गृह मन्त्रालयअन्तर्गतको भारतीय साइबर अपराध समन्वय केंद्रले जारी गरेको चेतावनीका अनुसार साइबर अपराधीहरूले आर्थिक र व्यक्तिगत ठगीका लागि एआईको डीपफेक भिडियोहरूको दुरुपयोग गरिरहेका छन्। अनुहार पहिचान, प्रमाणिकरण, भिडियो केवाईसी प्रक्रियाहरू, खाता पुनर्प्राप्ति प्रणालीहरू, र वित्तीय र डिजिटल सेवाहरूमा अनधिकृत पहुँचको लागि यी प्रविधिहरूको दुरुपयोग भइरहेको छ।

सरकारले फिनटेक कम्पनीहरू लगायत वित्तीय संस्थाहरूलाई डीपफेक पत्ता लगाउने संयन्त्रलाई बलियो बनाउन र ग्राहक अनबोर्डिङ प्रणालीमा सुधार गर्न सल्लाह दिएको छ। नागरिकहरूलाई उनीहरूको बायोमेट्रिक डाटा सुरक्षित राख्न, शंकास्पद लगइन प्रयासहरू विरुद्ध सतर्क रहन, र वित्तीय गतिविधिहरूसँग सम्बन्धित ईमेल वा एसएमएस सूचनाहरूको नियमित निगरानी गर्न पनि आग्रह गरिएको छ। नागरिकहरूलाई कुनै पनि शंकास्पद वित्तीय लेनदेनको बारेमा तुरुन्त राष्ट्रिय साइबर अपराध रिपोर्टिङ पोर्टल मार्फत रिपोर्ट गर्न पनि सल्लाह दिइएको छ।

**दिलीप घोष**

राज्यका ग्रामीण, पंचायती तथा पशुपालन विभागका मंत्री दिलीप घोष उत्तर बंगालको भ्रमणको क्रममा आज सिलगढी आई पुग्नु भएकोछ। बागडोगरा हवाई अड्डामा उहाँको भव्य स्वागत गरियो। हवाई अड्डा बाहिर पत्रकारहरूसित कुराकानी गर्दै

टीएमसी तथा पूर्व मुखयमंत्री ममता ब्यानर्जीमाथि तिखो हमला गरे। उहाँले भन्नु भयो - "तृणमूल कांग्रेस केही षड्यन्त्रकारीहरूको गिरोह हो र गिरोह आज ओरालो लाग्दै छ।" उहाँले विभिन्न मुद्दाहरूबारे बोल्दै उत्तर बंगालको बिकास भाजपा सरकारको सर्वोच्च प्राथमिकता रहेको बताउनुभयो।

बाईट... दिलीप घोष.....

## वित्त मन्त्री

राज्यका वित्त मन्त्री स्वप्न दासगुप्ता पदभार ग्रहण गर्नसाथ उत्तर बङ्गालको भ्रमणमा आइपुग्नुभयो। बागडोगरा एयरपोर्टमा आएपछि पत्रकारहरूसित कुराकानी गर्दै उहाले, आगामी राज्य बजट अगाड़ि क्षेत्रको वास्तविक स्थितिलाई बुझ्न अनि जनताका अपेक्षाहरू जान्न आवश्यक रहेको बताउनु भयो। उहाले भन्नुभयो, उत्तर बङ्गाल पछिल्लो लामो समयदेखिकै उपेक्षित रहिआएको छ। त्यसैले सरकारले यस क्षेत्रलाई विशेष प्राथमिकता दिरहेको छ। आगामी 20 जूनमा राज्य बजट पेश गरिनेछ, त्यस अगावै आम जनतासित सम्वाद गरी उनीहरूका आवश्यकताहरूलाई बुझ्ने प्रयास गर्रिँदैछ। वित्त मन्त्रीले भन्नुभयो, यस भ्रमणकालमा विभागीय वरिष्ठ अधिकारीहरू पनि उनको साथमा छन् ताकि धरातलीय स्तरका समस्याहरूको सही मूल्याङ्कन गर्न सकियोस्।

## कल्याण बनर्जी

पश्चिम बंगालमा तृणमूल कांग्रेसभित्रको मतभेद खुलेर बाहिर आउन थालेको छ । श्रीरामपुरबाट तृणमूल कांग्रेसका लोकसभा सांसद र वरिष्ठ अधिवक्ता कल्याण बनर्जीले पार्टीका राष्ट्रिय महासचिव तथा लोकसभा सांसद अभिषेक बनर्जीविरुद्ध खुला मोर्चा खोलेका छन् । उनले अभिषेक बनर्जीको व्यवहार अहंकारी रहेको र विधानसभा चुनावमा पार्टीको हारको बाबजुद उनको व्यवहारमा कुनै परिवर्तन आएको बताएका छन। यो मुद्दा विधायकको हस्ताक्षर विसंगतिको मुद्दासँग सम्बन्धित छ। अभिषेक बनर्जीले यस मामिलामा पश्चिम बंगाल पुलिसको आपराधिक अनुसन्धान विभाग (सीआईडी) द्वारा जारी समन विरुद्ध कलकत्ता उच्च अदालतमा मुद्दा दायर गरेका छन्।

**निवेदनमा उनीहरुले पक्राउलगायत कुनै पनि प्रकारको कठोर पुलिस कारबाहीबाट अन्तरिम संरक्षणको माग गरेका छन् । कल्याण बनर्जीको सार्वजनिक बयानले तृणमूल कांग्रेसभित्र बढ्दो असन्तुष्टि र गुटबन्दीको संकेत गरेको छ । विधानसभा निर्वाचनमा पराजयपछि पार्टीले संगठनात्मक चुनौतीको सामना गरिरहेको छ र यस्तो अवस्थामा शीर्ष नेताहरूबीचको खुला टकरावले पार्टी नेतृत्वका लागि नयाँ अप्ठ्यारो सिर्जना गर्न सक्छ ।**

**यसैबीच, कलकत्ता उच्च अदालतले अभिषेक बनर्जीलाई सोधपुछका लागि उपस्थित हुन आदेश दिएको छ र उनलाई राज्य सीआईडीको अनुसन्धानमा सहयोग गर्न निर्देशन दिएको छ।**

**सुनुवाइका क्रममा न्यायाधीश कौशिक चन्द्रले अभिषेक बनर्जीलाई सीआईडी समन पालना गर्न र अनुसन्धान एजेन्सीमा उपस्थित हुन र अनुसन्धानमा सहयोग गर्न निर्देशन दिए। अदालतले यो पनि स्पष्ट पारेको छ कि सीआईडी मुद्दाको अर्को सुनुवाइ नभएसम्म अर्को दुई हप्तासम्म अभिषेकको बिरूद्ध कुनै पनि जबरजस्ती कारबाही गर्न** सक्षम हुने छैन। तर, अनुसन्धान निकायलाई भने कानुनको दायराभित्र रहेर आवश्यक कदम चाल्नेछ।

## तृणमूल सांसद-इस्तीफा

तृणमूल कांग्रेसका सांसद प्रकाश चिक बराइकले राज्यसभा सदस्यबाट राजीनामा दिएका छन् । उनले आफ्नो राजीनामा राज्यसभाका अध्यक्ष सीपी राधाकृष्णनलाई पठाएका छन् । यसअघि तृणमूल कांग्रेसका नेता तथा राज्यसभा सदस्य सुशेन्दु शेखर रोय र सुष्मिता देवले राज्यसभा र पार्टी दुवैबाट राजीनामा दिएका थिए ।

## स्वच्छ भारत अभियान

भारतीय जनता पार्टी (भाजपा) को युवा शाखाले बिहीबार सिलिगुडी जिल्ला अस्पतालमा स्वच्छ भारत अभियानको एक भागको रूपमा विशेष स्वच्छता कार्यक्रम आयोजना गरेको छ। यस अभियानको उद्देश्य अस्पताल परिसरलाई सफा राख्नु र सर्वसाधारणमा सरसफाइप्रति सचेतना फैलाउनु रहेको थियो । कार्यक्रममा ठूलो संख्यामा भाजपा कार्यकर्ता, पदाधिकारी र युवा मोर्चाका सदस्यहरू उपस्थित थिए। अभियानका क्रममा अस्पताल परिसरमा जम्मा भएको फोहोर सफा गरी स्वच्छ वातावरण कायम गर्ने सन्देश जनसमुदायमा पु¥याइएको थियो । साथै, बिरामी र तिनका परिवारलाई पनि सरसफाइको महत्वबारे सचेत

गराइएको छ ।कार्यक्रमको समापनमा मानवताको उदाहरण प्रस्तुत गर्दै युवा मोर्चाका सदस्यहरुले अस्पतालका विभिन्न वडाहरुमा उपचार गराइरहेका बिरामीका परिवारहरुलाई फलफूल वितरण गरेका थिए ।

**लागूऔषध**

पुलिसले नेपाल सीमासँग जोड़िएको खोरीबाड़ी क्षेत्र स्थित एक घरबाट सञ्चालन भइरहेको कथित लागूऔषध रयाकेटको पर्दाफास गरेको छ र एक जनालाई पक्राउ गरेको छ। खोरीबाड़ी थाना र पानीटाँकी चौकीको संयुक्त टोलीले हिजो राति पानीटाँकीको गौरसिंहजोतको काली मन्दिर क्षेत्रमा छापा मारेको थियो। छापा मार्ने क्रममा घरबाट 16 बोतल प्रतिबन्धित कफ सिरप, 25 ग्राम ब्राउन शुगर र लगभग 92 हजार रूपियाँ नगद जफत गरियो। पुलिसले एनडीपीएस एक्ट अन्तर्गत मुद्दा दर्ता गरेको छ र सो क्षेत्रको बासिन्दा अभियुक्तलाई पक्राउ गरेको छ। पुलिसले आज आरोपीलाई सिलगढ़ी अदालतमा पेश गर्नेछ। सञ्जालमा संलग्न अन्य व्यक्तिहरूको पहिचान गर्न अनुसन्धान शुरु गरिएको छ।

**युवक पक्राउ**

कालेबुङमा ठूलो परिमाणमा अवैध नसालु पदार्थ सहित एक युवकलाई पक्राउ गरिएको छ। गोप्य सूचनाको आधारमा पुलिसले सिलिगढीदेखि कालेबुङतर्फ गइरहेको एक दैनिक यात्रीबाहक बसलाई 3 माइल क्षेत्रमा रोकेर तलासी लिँदा कालेबुङ निवासी 23 वर्षीय एक युवकको साथबाट 6 सय भन्दा अधिक प्रतिबन्धित नशालु औषधी युक्त क्याप्सुल बरामद गरिएको पुलिसले जनाएको छ।घटना सँग सम्बन्धित अन्य संलग्न व्यक्तिहरूबारे थप जाँच जारी रहेको बताइएको छ। पुलिसले लागूऔषधमुक्त कालेबुङ निर्माणका लागि सर्वसाधारणलाई पनि सचेत र सहयोगी बन्न आग्रह गरेको छ।

**नेपाल**

नेपाल सशस्त्र पुलिस बल (एपीएफ) ले आज बिहान नेपालबाट भारत लगिदै गरेको 922 किलोग्राम गाँजा बरामद गरेको छ।मोरङ जिल्लाको सीमावर्ती क्षेत्र जहदाबाट यो उद्धार गरिएको हो। सोमबारी बीओपी, नोचा र तारेगामा चौकीबाट सशस्त्र पुलिस बल, नेपाल सीमा सुरक्षा बलको संयुक्त टोलीले यस सम्बन्धमा पिकअप गाडी र मोटरसाइकल जफत गरेको छ। गाँजा धानको भुसको बोरामुनि 29 वटा प्याकेटमा लुकाएर पिकअपमा राखिएको थियो।

**विश्व हिंदू परिषद् उत्तर बंगाल**

बङ्गालमा भाजपाको विजयपछि पहिलो पटक विश्व हिन्दू परिषद उत्तर बङ्गाल प्रान्तको प्रशिक्षण शिविर मालदा जिल्लाको गजोलको घास्कोलमा रामकृष्ण सेवाश्रम संघमा आयोजना गरिएको छ। जुन १ देखि शिविर सुरु भएको थियो । शिविरमा 216 शिक्षार्थी र 50 कक्षा शिक्षक र प्रबन्धकहरू उपस्थित थिए। कार्यक्रममा माल्दाका सांसद खगेन मुर्मु, राष्ट्रिय स्वयंसेवक संघ अखिल भारतीय सहप्रचारित प्रमुख अद्वैतचरण दत्त, प्रदेश संगठनमन्त्री अनुप मण्डल, प्रदेश सहसंगठनमन्त्री डा बुवाई नास्कर, प्रदेश उपाध्यक्ष विभा सरकार, प्रदेश मन्त्री लक्ष्मण बंसल, प्रदेश विभाग प्रमुख राकेश अग्रवाल, सञ्चार प्रमुख सुशील रामपुरिया, गौरिया मठका सज्जनजी महाराज लगायतको उपस्थिति रहेको थियो । शिविरको समापन समारोहलाई सम्बोधन गर्दै राष्ट्रिय स्वयंसेवक संघका अखिल भारतीय सह-प्रचार प्रमुख अद्वैत चरण दत्तले भन्नुभयो, सनातन संस्कृति भारतको परम्परा र संस्कृतिको अभिन्न अङ्ग हो र राष्ट्रको हरेक कणमा अवस्थित छ।

**विधायक-नोमन-राई**

हिल तराई आगनबाडी कर्मी सहकर्मी सगठनद्वारा आफुहरुले भोग्नुपरेको विभिन्न समस्याहरुलाई अवगत गराउदै दार्जिलिङका विधायक नोमन राईलाई भेटघाट गरी ज्ञापन चडाएका छन। सगठनको पक्षमा पुस्प लामाको नेतृत्वमा गएको प्रतिनिधित्व टोलीले आगनबाडी कर्मचारीहरुले भोगिरहनु परेको समस्याहरुलाई बिशेश रूपमा उठाए। जसमा मासिक रूपमा पाउनुपर्ने अनेरियम समयमा नपाएको, विगत लामो समयदेखि साहिका कर्मचारीहरुको पदोन्नति हुन नसकेको, आगनबाडी केन्द्रहरुमा रहेको रिक्त पदहरु चाडै हुनुपर्ने लगायतका विविध मागहरु सामेल छन।

**क्रामाकपा**

क्रामाकपा शीर्ष टोलीले इन्टरलोक्युटर पङ्कज कुमार सिंहसँग भेटघाट गरेका छन्। यस अवधि उनीले इन्टरलोक्युटरलाई गोर्खाहरुको संवैधानिक व्यवस्थाको माग सम्बन्धी पुन: ज्ञापन पत्र बुझाएका छन्। भेटघाट पछि पत्रकारहरुलाई जानकारी दिँदै टोलीले भारत सरकारले दार्जिलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रका गोर्खा समुदायका दीर्घकालीन समस्याहरू समाधान गर्न इन्टरलोक्युटर नियुक्त गरी संवाद प्रक्रिया अघि बढाएको सन्दर्भमा हाल महत्वपूर्ण प्रगति भएको बताएका छन्। उक्त ज्ञापन पत्रमा पश्चिम बंगाल विधानसभा चुनाव सम्पन्न भएपछि पुनः संवाद प्रक्रिया सुरु भएको छ र इन्टरलोक्यूटरले पहिलो चरणको छलफल सम्पन्न गरिसकेका छन्।

**पद्मश्री**

पद्मश्री डाक्टर जी एस योञ्जनलाई सिञ्जीमा भव्य नागरिक सम्मान प्रदान गरिने भएको छ। आगामी 13 तारिकको दिन सिन्जीमा सम्पूर्ण सिन्जी समालबोङ क्षेत्रवासीको पक्षबाट प्रतिष्ठित पद्मश्री पुरस्कारले सम्मनित डा योञ्जनलाई नागरिक सम्मन साथै अविनन्दन कार्यक्रम आयोजना गरिने भएको छ। उक्त विषयमा स्थानीय नागरिक कमल शर्माले जानकारी दिँदै सिन्जीको छोरो डा योन्जनले भारत सरकारद्वारा प्रतिष्ठित पद्मश्री पुरस्कार प्राप्त गरेकोमा नागरिक सम्मान एवं सम्बर्द्धना जनाउने भएको छ।

**विश्व कप 2026**

विश्वको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता, फिफा विश्व कप 2026 आजबाट शुभारम्भ हुँदैछ। यो टुर्नामेन्ट आगामी 19 जुलाईसम्म अमेरीका, क्यानाडा र मैक्सिकोमा आयोजना गरिनेछ।उद्घाटन खेलमा आज ग्रुप ए-मा आयोजक टिम मेक्सिकोको सामना दक्षिण अफ्रीकासित हुनेछ।भारतीय समय अनुसार यो मैच राति साँढे १२ बजीदेखि शुरू हुनेछ|

**********